(४) यस कार्यविधिको दफा ६ बमोजिम कोषको नाममा प्राप्त हुन आउने वस्तुगत सहायता सामाग्रीको छुट्टै मौज्दात किताब स्थापना गरी अभिलेख गरिनेछ ।

४. **<u>कोषको उद्देश्य</u>** : (१) स्थानीय स्तरमा हुनसक्ने सम्भाव्य विपद्को जोखिम न्यूनीकरण तथा विपद्को व्यवस्थापनका लागि आर्थिक तथा वस्तुगत सहायता परिचालन गर्नु कोषको मुख्य उद्देश्य रहनेछ ।

(२) कोषले देहायका क्षेत्रमा काम गर्नेछः

(क) विपद्को घटनाबाट प्रभावित व्यक्तिलाई स्थानीयस्तरमा तुरुन्त खोज, उद्धार र राहत सेवा उपलब्ध गराउने ।

(ख) विपद् आइपर्दा तत्कालै स्थानीयस्तरमा सामना गर्नसक्ने अवस्था सिर्जना गर्ने ।

(ग) विपद् जोखिम न्यूनीकरण, पूर्वतयारी, प्रतिकार्य र पुनर्लाभ कार्यलाई सहज बनाउने ।

(घ) विपद् पीडितको उद्धार तथा पुनःस्थापनाका लागि जिल्ला, प्रदेश तथा संघस्थित सबै कार्यालय संघ-संस्थाबीच समन्वय गर्नुका साथै जनसहभागिता जुटाउन पहल गर्ने ।

(ङ) विपदका दृष्टिकोणले गाउँपालिकाका जोखिमपूर्ण क्षेत्र तथा घरधुरीको पहिचान गरी विपद रोकथाम तथा विपद जोखिम व्यवस्थापनका लागि भौतिक तथा चेतनामूलक कार्यक्रम संचालन गर्ने ।

(च) विपदबाट हुन सक्ने जोखिमलाई न्युनीकरण गर्न नीतिगत तथा संस्थागत सुधार गर्ने ।

(छ) विपद पीडितको आधारभुत आवश्यकताको परिपूर्तिका लागि क्षतिको मुल्याङकनका आधारमा तत्काल राहत उपलब्ध गराई सहयोग गर्ने ।

(ज) भवन तथा पूर्वाधार निर्माण कार्य प्रारम्भ गर्दा वातावरणमैत्री तथा भवन निर्माण आचारसंहिता बमोजिम गर्ने, गराउने ।

(झ) विपदबाट हुनसक्ने मानवीय तथा भौतिक क्षतिको न्यूनीकरणका लागि गाउँपालिकाको क्षमता विकास गर्ने ।

(ञ) विपद व्यवस्थापनको क्षेत्रमा काम गर्ने निकायबीच समन्वय गर्ने ।

(ट) विपदबाट पीडित व्यक्तिलाई तत्काल उद्धार तथा राहत सहयोगका लागि कोषको व्यवस्था गर्ने ।

(ठ) विपद व्यवस्थापन, वातावरण संरक्षण, भवन निर्माण गर्ने सम्बन्धमा प्रचलित कानुन बमोजिम गर्ने, गराउने ।

